# थाक्रे गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
### महादेववेसी, धादिङ
### ३ नं. प्रदेश, नेपाल

४. बोलपत्र स्वीकृत गर्ने आसयको सुचना प्राप्त गरी निर्धारित समय अवधिभित्र कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

५. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल अंकको ७० प्रतिशत बराबर रकमको २०७६ असार मसान्तसम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

६. ठेक्काको बांकी दुई किस्ता रकम क्रमशः दोस्रो किस्ता मंसिर मसान्त, तेश्रो किस्ता चैत्र मसान्त मसान्त भित्र बुझाइसक्नु पर्नेछ ।

७. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकेको करको दरमा परिर्वतन गरि कर उठाउन पाईने छैन ।

८. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको नाम थाक्रे गाँऊकार्यपालिका भनी प्रष्ट बुझने गरी लेख्नु पर्ने छ । वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

१०. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुनेछ ।

१२. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

१३. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१४. विषेश अवस्थामा सूचनामा उल्लेखित शर्त, समय हेरफेर र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१५. सूचना सम्बन्धी विस्तृत विवरण कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङ, जिल्ला प्रशासन कार्यालय, धादिङ र यस कार्यालयको वेवसाईड web site : www. thakremun.gov.np मा समेत हेर्न सकिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत